# लेखक परिचय

आमसञ्चारमा स्नातकोत्तर गरेका **जगत नेपाल** कान्तिपुर टेलिभिजनका संवाददाता हुन् । नेपाल पत्रकार महासङ्घको केन्द्रीय समिति सदस्य नेपाल आमसञ्चार तथा पत्रकारिता विषयको प्राध्यापनमा पनि संलग्न छन् ।

आमसञ्चारमा स्नातकोत्तर गरेका **जयप्रकाश चौधरी** १४ वर्षदेखि टेलिभिजन कार्यक्रम उत्पादनमा संलग्न छन् । उनी नेपाल टेलिभिजनका वरिष्ठ निर्माता हुन् । आमसञ्चार तथा पत्रकारिता विषयको प्राध्यापनमा पनि चौधरीको संलग्नता छ ।

**टङ्क उप्रेती**ले अर्थशास्त्र र आमसञ्चारमा स्नातकोत्तर गरेका छन् । १४ वर्षदेखि टेलिभिजन कार्यक्रम उत्पादनमा संलग्न उप्रेती नेपाल टेलिभिजनका वरिष्ठ निर्माता हुन् । आमसञ्चार तथा पत्रकारिता विषयको प्राध्यापनमा पनि उप्रेतीको संलग्नता छ ।

**दीपक रौनियार** चलचित्र समीक्षक हुन् । उनी बीबीसी वर्ल्ड सर्भिस ट्रस्टद्वारा निर्मित धारावाहिक नाटक *कथा मीठो सारङ्गीको*को लेखन/निर्देशनमा संलग्न छन् । २०६५ सालमा आयोजित दसौँ काठमाडौँ इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिबलमा उनको चलचित्र *चौकैठ*ले तेस्रो पुरस्कार पाएको थियो ।

**दीपा गौतम** नेपाल टेलिभिजनमा प्रमुख निर्माताको रूपमा कार्यरत छिन् । *काँचको पर्दा : नेपाली टेलिभिजनमा महिला* (२०६३) की लेखक गौतमको सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) पनि प्रकाशित छ ।

नेपाल टेलिभिजनका पूर्व महाप्रबन्धक **दुर्गानाथ शर्मा** छापा, रेडियो र टेलिभिजन तीन ओटै माध्यमको अनुभव सँगालेका सञ्चारकर्मी हुन् । उनले नेपाल टेलिभिजनमा लामो समय समाचार महाशाखाको जिम्मेवारी सम्हालेका थिए । उनको सम्पादनमा *प्रसारण पत्रकारिता : हाते किताब* (२०६४) प्रकाशित छ ।

नेपाल टेलिभिजनका पूर्व महाप्रबन्धक **मदनकुमार शर्मा** नेपाल टेलिभिजनबाट २०६५ मा सेवानिवृत्त भए । केही वर्ष उनले नेपाल टेलिभिजनमा कार्यक्रम महाशाखाको निर्देशक भएर पनि काम गरेका थिए ।

**रमा सिंह** नेपाल टेलिभिजनकी प्रथम समाचार वाचक हुन् । स्थापना कालदेखि नै समाचार सम्पादन, रिपोर्टिङ र वाचनमा संलग्न सिंह हाल नेपाल टेलिभिजनको प्रमुख समाचार सम्पादक हुन् ।

**रमिता महर्जन** आमसञ्चार तथा पत्रकारिता विषयको स्नातकोत्तर तहमा अध्ययनरत छिन् ।

**राजु सिलवाल** २०४३ सालमा नेपाल टेलिभिजनमा प्रवेश गरेका हुन् र उनी प्रमुख समाचार सम्पादकको रूपमा त्यहाँ कार्यरत छन् । सिलवालले आमसञ्चारमा स्नातकोत्तर गरेका छन् ।

करिब २३ वर्ष नेपाल टेलिभिजनमा टेलिफिल्म निर्माणमा संलग्न रही **लयप्रसाद सङ्ग्रौला**ले २०६५ मा अवकाश लिएका हुन् । उनले लगभग ६०० टेलिफिल्म निर्देशन गरिसकेका छन् । साहित्य लेखनमा पनि सङ्ग्रौलाको रुचि छ ।

**शेखर पराजुली** मार्टिन चौतारीका मिडिया अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादनमा नेपाली मिडियाबारे छ ओटा पुस्तक प्रकाशित छन् । मिडियासम्बन्धी वार्षिक जर्नल *मिडिया अध्ययन*का सम्पादक पराजुलीको पछिल्लो पुस्तक *मिडिया संवाद : नेपाली पत्रकारिताबारे अन्तर्वार्ता* (२०६४) हो ।